लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वडाचौर, रोल्पा

पत्र संख्या: २०८२।०८३

सूचना नम्बर: ८४

लुम्बिनी प्रदेश, नेपाल

## लुङ्ग्री गाउँपालिका भित्र संचालन भइरहेका तीन पांग्रे सवारी (अटो रिक्सा) गाउँपालिकामा दर्ता हुने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८२/०६/०५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ट) तथा लुङ्ग्री गाउँपालिकाको अटो तथा ई-रिक्सा व्यवस्थापन तथा संचालन कार्यविधि,२०८० बमोजिम स्थानीय तह भित्र संचालन हुने तीन पांग्रे सवारी साधन (अटो रिक्सा) सम्बन्धित स्थानीय तहमा दर्ता भई अनुमति लिएर मात्र संचालन हुन पाउने व्यवस्था रहेको हुँदा यस लुङ्ग्री गाउँपालिका क्षेत्र भित्र संचालन हुने तीन पांग्रे सवारी साधन (अटो रिक्सा) यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/०६/१९ गते) भित्र यस कार्यालयमा तपसिल बमोजिमको कागजात सहित निबेदन पेश गर्नुहुन प्रथम पटक यो सूचना जारी गरिएको छ। उल्लेखित मिति भित्र दर्ता भई अनुमति नलिने सवारी साधनलाई कानून बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**संलग्न गर्नु पर्ने कागजातहरु:**

१. निबेदन
२. सवारी साधन दर्ता/नबिकरण भएको प्रमाण पत्रको प्रतिलिपि
३. सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. सवारी चालक अनुमति पत्रको प्रतिलिपि

२०८२।६।५

........................

अनिल रिजाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत